नेपाल सरकार

# सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय

सिंहदरबार, काठमाण्डौ

(योजना तथा अनुगमन शाखा)

प.सं.: ०७५।७६

च.नं 326

मिति: २०७५।०९।०६

**विषय : औषधि खरिद तथा ढुवानी सम्बन्धमा ।**

श्री स्थानीय तह, सबै

(महानगरपालिका, उपमहानगरपालिका, नगरपालिका, गाउँपालिकाको कार्यालय)

प्रस्तुत विषयमा सबै प्रदेश सरकारका अस्पतालहरु तथा स्थानीय तहका स्वास्थ्य संस्थाहरुमा अत्यावश्यक औषधिहरुको अभाव हुन नदिनको लागि स्वास्थ्य तथा जनसंख्या मन्त्रालय च.नं. DAC- ५६ मिति २०७५।०८।२५ को पत्रको छाँयाप्रति यसैसाथ संलग्न छ । सो बमोजिम गर्न गराउन हुन यो व्यहोरा अनुरोध छ ।

अनिल किराती

शाखा अधिकृत

बोधार्थ

श्री सूचना तथा प्रविधी शाखा, पत्र Website मा राखिदिनुहुन ।

नेपाल सरकार
# स्वास्थ्य तथा जनसंख्या मन्त्रालय
(............स्वास्थ्य समन्वय महाशाखा.......शाखा)

फोन नं. ४२६२५९० ४२६२८०२ ४२६२७०६ ४२६२९३५ ४२६२८६२ ४२२३५८०

रामशाहपथ,
काठमाडौं, नेपाल ।

प्राप्त पत्र संख्या :-
पत्र संख्या :- ०७५/७६
चलानी नं. :- DAC-56

मिति : २०७५/०८/२५

बिषयः औषधि खरिद तथा ढुवानी सम्बन्धमा ।

विषय :-

श्री सामाजिक विकास मन्त्रालय,
१ नं प्रदेश, २ नं प्रदेश, ३ नं प्रदेश, गण्डकी प्रदेश, ५ नं. प्रदेश, कर्णाली प्रदेश र सुदुरपश्चिम प्रदेश ।
श्री महानगरपालिकाको कार्यालय (सबै) ।
श्री उप-महानगरपालिकाको कार्यालय (सबै) ।
श्री नगरपालिकाको कार्यालय (सबै) ।
श्री गाउँपालिकाको कार्यालय (सबै) ।

प्रस्तुत विषयका सम्बन्धमा विभिन्न संचार माध्यमहरु मार्फत औषधि अभाव भएको समाचारहरु प्रकाशित भएको तथा यस मन्त्रालयमा समेत जनगुनासो आएको हुँदा औषधिहरुको अभाव हुन नदिनको लागि तल उल्लेख भए बमोजिम गर्नु हुन अनुरोध छ ।

१. **औषधि सम्बन्धमाः** निःशुल्क वितरण गर्न तयार भएको अत्यावश्यक औषधि सूची अनुसारको औषधि खरीद गर्नका लागि आ.ब. २०७५।७६ मा सबै प्रदेश सामाजिक विकास मन्त्रालय र सबै स्थानिय तहहरूमा बजेट व्यवस्था भएको विदितै छ । स्वास्थ्य संस्थामा औषधिहरूको सुनिश्चितताका लागि समयमा औषधि खरिद गरी वितरण गर्न आवश्यक व्यवस्था मिलाउन अनुरोध छ ।प्रदेश सरकारका मेडिकल स्टोरहरूमा रहेको औषधिहरुको मौज्दात हेरी अपुग औषधिहरू खरीद गर्न र सोको लागि प्रविधिक सहयोग आवश्यक भएमा स्वास्थ्य सेवा विभागको व्यवस्थापन महाशाखासंग समन्वय राख्न समेत अनुरोध छ ।
२. **औषधि ढुवानी सम्बन्धमा** : हाल मेडिकल स्टोरहरुमा कतिपय औषधिहरुको मौज्दात रहे पनि समयमा ढुवानी हुन नसकेको कारण स्वास्थ्य संस्थाहरुमा ती औषधिको अभाव देखिएको छ । मेडिकल स्टोरबाट औषधि ढुवानीको लागि सामाजिक विकास मन्त्रालयहरुमा बजेट व्यवस्था भएकोले ढुवानीको लागी आवश्यक रकम मेडिकल स्टोरहरुलाई उपलब्ध गराई औषधि ढुवानी कार्यलाई समयमा सम्पन्न गर्न अनुरोध छ । जिल्ला स्टोरहरुबाट स्वास्थ्य संस्थाहरूसम्म औषधि पुऱ्याउनको लागि प्रत्येक स्थानीय तहमा बजेट व्यवस्था भएकोले स्वास्थ्य संस्थाहरुमा औषधिको अभाव हुन नदिनको लागि औषधि ढुवानी व्यवस्था गर्न समेत अनुरोध छ ।

...........................
महेन्द्र प्रसाद श्रेष्ठ
महाशाखा प्रमुख

बोधार्थ

१. स्वास्थ्य सेवा विभाग, टेकु काठमाण्डौ ।
२. प्रदेश स्वास्थ्य निर्देशनालय १ नं प्रदेश, २ नं प्रदेश, ३ नं प्रदेश, गण्डकी प्रदेश, ५ नं. प्रदेश, कर्णाली प्रदेश र सुदुरपश्चिम प्रदेश ।